apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्ष: १२ ● अंक: २६४ ● पृष्ठ: ४ ● २३ असोज २०८३ शुक्रबार (09 October 2026, Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

# भूमिप्रशासनको कम्पाउण्डमै निजी पसल, वर्षौं बित्दा पनि हटेन

## सरकारी जग्गामा होटल, पान पसल र फोटोकपी सञ्चालन, संरचना निर्माण र व्यवसाय सञ्चालनको कानुनी आधार अझै अस्पष्ट

शुभ नारायण कामती
सिरहा, असोज २२ गते




सिरहा सदरमुकामस्थित भूमिप्रशासन कार्यालयको कम्पाउण्डभित्र वर्षौंदेखि टहरा निर्माण गरी होटल, पान पसल, फोटोकपीलगायतका निजी व्यवसाय सञ्चालन हुँदै आए पनि ती संरचना हटाउन कार्यालय असफल भएको छ।

सरकारी कार्यालयकै परिसरमा निजी व्यवसाय सञ्चालन भइरहे पनि ती संरचना कुन निर्णय, अनुमति वा कानुनी प्रक्रियाबाट निर्माण तथा सञ्चालनमा आए भन्ने विषय स्पष्ट हुन सकेको छैन। कार्यालय परिसरमा वर्षौंदेखि होटल, पान पसल, फोटोकपी तथा अन्य निजी पसल सञ्चालनमा छन्।

सरकारी सम्पत्तिको संरक्षण र कार्यालय परिसर व्यवस्थापनको जिम्मेवारी सम्बन्धित निकायको भए पनि निजी संरचना वर्षौंसम्म रहँदा त्यसको स्वीकृति, प्रयोगको आधार तथा व्यवस्थापन प्रक्रियामाथि प्रश्न उठेको छ।

भूमिप्रशासन कार्यालय सिरहाका प्रमुख सुबोधकुमार ठाकुरले कार्यालय परिसरमा रहेका पसल तथा संरचना हटाउने प्रयास पटक-पटक गरिए पनि हालसम्म सफल हुन नसकेको स्वीकार गरेका छन्। उनका अनुसार अब पुनः आवश्यक पहल गरी पान पसल, फोटोकपी, होटल तथा अन्य पसल हटाउने प्रक्रिया अघि बढाइनेछ।

"कार्यालय परिसरलाई व्यवस्थित बनाउने र त्यस्ता संरचना हटाउने प्रक्रिया अघि बढाउँछौं," ठाकुरले भने।

सरकारी तथा सार्वजनिक जग्गा संरक्षणका विषयमा गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयहरूलाई समेत अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान, संरक्षण र व्यवस्थापन गर्न निर्देशन दिँदै आएको छ।

बाँकी पृष्ठ ३

# सीमा क्षेत्रबाट १२ लाखभन्दा बढीको सामान बरामद



अपन दैनिक संवाददाता
सिरहा, असोज २२ गते

सशस्त्र प्रहरीले सिरहाका विभिन्न सीमा क्षेत्रबाट १२ लाख १५ हजार रुपैयाँभन्दा बढी मूल्यका सामान बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका अनुसार बुधबार जिल्लाका विभिन्न सीमा इलाकाबाट मोटरसाइकल, मदिरा, किराना सामान, कस्मेटिक सामग्री, खेलौना तथा कपडालगायतका सामान बरामद गरिएको हो।

बरामद गरिएका सामानको

बाँकी पृष्ठ ४

# गोलबजारमा अवैध ग्राभेल उत्खनन्, ६ टिपर र जेसिबी नियन्त्रणमा



अपन दैनिक संवाददाता
सिरहा, असोज २२ गते

सिरहाको गोलबजार नगरपालिका-१ बलडारामा अवैध रूपमा ग्राभेल उत्खनन् भइरहेको अवस्थामा सशस्त्र प्रहरीले ६ थान टिपर र एक थान जेसिबी नियन्त्रणमा लिएको छ।

अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन् भइरहेको सूचनाको आधारमा सशस्त्र प्रहरी बल गोलबजारबाट खटिएको टोलीले उत्खनन् स्थलबाट ती सवारीसाधन नियन्त्रणमा लिएको हो। नियन्त्रणमा लिइएका टिपरमध्ये प्रदेश २-०१-००१ क ०१७०, प्रदेश १-००१ क ०२८५, को १ ख ४९७५, भे १ क ९५० र प्रदेश ३-००१ क ३३७५ नम्बरका रहेका छन्।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाका अनुसार सवारीसाधन नियन्त्रणमा लिए पनि चालकहरू फरार भएका छन्। चालकहरू फरार रहेकाले नियन्त्रणमा लिइएका सवारीसाधन कार्यालयसम्म ल्याउन केही कठिनाइ भएको उनले बताए।

नगरपालिकासँगको समन्वयमा सवारीसाधन ल्याएर आवश्यक कारवाहीका लागि गोलबजार नगरपालिकालाई जिम्मा लगाइने एसपी थापाले बताए। उनका अनुसार व्यक्तिको निजी जग्गाबाट ग्राभेल उत्खनन् गरिएको भए पनि नगरपालिकाबाट आवश्यक अनुमति नलिएको प्रारम्भिक रूपमा देखिएको छ।

स्थानीयका अनुसार बलडारा क्षेत्रमा अनुमति तथा कानुनी प्रक्रिया पूरा नगरी ग्राभेल उत्खनन्

बाँकी पृष्ठ ४

# राजस्थानबाट भलुवाही आइपुग्यो सङ्गमर्मरको दुर्गा माताको मूर्ति



अपन दैनिक संवाददाता
सिरहा, असोज २२ गते

भारतको राजस्थानबाट सिरहा नगरपालिका-११ भलुवाहीको दुर्गा मन्दिरमा स्थापना गरिने सङ्गमर्मरको दुर्गा माताको मूर्ति भलुवाही आइपुगेको छ।

दुर्गा मन्दिरमा विधिवत् स्थापना गर्ने उद्देश्यले राजस्थानबाट ल्याइएको मूर्ति बिहीबार भलुवाही आइपुगेपछि साँझ स्थानीयवासीले श्रद्धा र भक्तिपूर्वक स्वागत गरेका थिए। गाउँमा मूर्ति ल्याएपछि धार्मिक विधिअनुसार भलुवाहीको परिक्रमा गराइएको थियो।

बाँकी पृष्ठ २

# प्रदेश र स्थानीय तहको चुनाव एकैसाथ हुन्छ भनेर भन्न सकिँदैनः प्रमुख निर्वाचन आयुक्त कार्की

अपन दैनिक संवाददाता
सिरहा, असोज २२ गते




प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीले निर्वाचन आयोग स्थानीय तहको आगामी निर्वाचनको आन्तरिक तयारीमै रहेको बताएका छन्।

बिहीबार निर्वाचन आयोगमा सञ्चारकर्मीसँगको कुराकानीमा उनले भने, 'हामी आगामी निर्वाचनको तयारीमै छौं, त्यसो त आयोग सदैव निर्वाचनको तायरीमा रहन्छ नै। निर्वाचनको मिति सरकारले तोक्ने हो, यसरी तोकिएको मितिमा निष्पक्ष एवं विवादरहित ढङ्गबाट निर्वाचन सम्पन्न गर्ने दायित्व आयोगको हो, त्यसमा हामी प्रतिबद्ध छौं।'

स्थानीय तहको आगामी निर्वाचन फागुनमा नै गर्ने गरी सरकार अघि बढेको भन्ने समाचार पनि आएको छ नी भन्ने प्रश्नमा उनको भनाइ थियो, मितिका बारेमा अहिले नै आयोगले भन्ने कुरा भएन। हाम्रो संवैधानिक प्रावधानअनुरुप आयोगसमेतको परामर्शमा सरकारले मिति घोषणा गर्ने हो। तर, लामो समयसम्म स्थानीय निकाय खाली राख्नुहुन्न भन्ने पक्षमा छौं। त्यसैअनुसार हाम्रो तयारी पनि भइरहेको छ।'

आगामी वैशाखमा स्थानीय तहको कार्यकाल सकिने भएकाले त्यसको वरपर रहने गरी र संवैधानिक व्यवस्थाअनुसार नै निर्वाचन हुने उनको भनाइ थियो।

स्थानीय तह र प्रदेशको निर्वाचन एकैसाथ गर्ने गरी आयोगले तयारी थालेको हो भन्ने प्रश्नमा उनको भनाइ थियो, 'हाम्रो संवैधानिक संरचना र कानुनी प्रावधानअनुरुप नै निर्वाचन हुने हो। त्यसमा हाम्रो आवश्यकताको पनि कुरा छ। त्यसैले अहिले नै चुनाव एकैसाथ हुन्छ भनेर भन्न सकिँदैन। सरकारले मिति घोषणा गरेअनुसार नै हामीले काम गर्ने हो।'

# म्याद थपका लागि अदालत लगिएका लागुऔषध मुद्दाका थुनुवा प्रहरीलाई छक्याएर फरार

अपन दैनिक संवाददाता
सिरहा, असोज २२ गते

लागुऔषध मुद्दामा पक्राउ परेका एक थुनुवा सिरहा जिल्ला अदालत परिसरबाट प्रहरीलाई छक्याएर फरार भएका छन्।

फरार हुनेमा सिरहा नगरपालिका-१४ का सतिश दास रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। उनलाई लागुऔषधसम्बन्धी मुद्दामा बुधबार पक्राउ गरिएको थियो। पक्राउपछि म्याद थपका लागि जिल्ला अदालत सिरहा लगिएको अवस्थामा दास प्रहरीको निगरानीबाट उम्किएर फरार भएको प्रहरीले जनाएको छ।

अदालतमा म्याद थपको प्रक्रिया अघि बढाउने क्रममा प्रहरीलाई पन्छ्याएर दास फरार भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। घटनापछि उनको खोजीका लागि जिल्लाका विभिन्न स्थानमा ठूलो सङ्ख्यामा प्रहरी परिचालन गरिएको छ।

घटनाको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी उपरीक्षक वासुदेव पाठकले समेत पुष्टि गरेका छन्। फरार थुनुवाको खोजी जारी रहेको तथा घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यसैबीच, थुनुवा प्रहरीको निगरानीबाट फरार हुन सफल भएको घटनालाई लिएर सुरक्षामा खटिएका प्रहरीको भूमिकामाथि समेत प्रश्न उठेको छ। प्रहरीको मिलेमतोमा थुनुवालाई भगाइएको हुन सक्ने आशंका व्यक्त गरिए पनि त्यस्तो आरोपको स्वतन्त्र पुष्टि भएको छैन। घटनाको अनुसन्धानपछि मात्र यसबारे यथार्थ खुल्ने प्रहरीले जनाएको छ।

# मधेशमा विद्युत् चुहावट घट्दै, दुई महिनामा २० करोडभन्दा बढी बक्यौता असुली



अपन दैनिक संवाददाता
सिरहा, असोज २२ गते

पछिल्ला केही वर्षयता मधेश प्रदेशमा विद्युत् चुहावट निरन्तर घट्दै गएको छ। विद्युत् चुहावट नियन्त्रण अभियान, हुकिङ नियन्त्रण, ग्राहकको बिलिङमा सुधार, लामो समयदेखि बन्द रहेका मिटर परिवर्तन तथा विद्युत् रिडिङमा सुधारलगायतका कारण चुहावट घट्दै गएको नेपाल विद्युत् प्राधिकरण मधेश

बाँकी पृष्ठ ३



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

# सम्पादकीय...

## सुशासनको परीक्षा जिल्ला प्रशासन

जिल्ला प्रशासन कार्यालय नागरिकका लागि राज्यको प्रत्यक्ष अनुभूति हुने महत्वपूर्ण निकाय हो। शान्ति-सुरक्षा, प्रशासनिक सेवा, नागरिकता, राहदानीलगायतका सार्वजनिक सेवासँग जोडिएको कार्यालयबाट नागरिकले निष्पक्षता, पारदर्शिता, जवाफदेहिता र समान व्यवहारको अपेक्षा गर्नु स्वाभाविक हो। त्यसैले जिल्ला प्रशासन कार्यालयभित्र हुने कुनैपनि निर्णय वा गतिविधिले सुशासनको मापदण्ड पूरा गर्नुपर्छ। जिल्ला प्रशासन कार्यालय परिसरमा रहेको चमेनागृह बन्द गराइएको र त्यससँगै रहेको अर्को पसल भने सञ्चालनमा रहेको विषय अहिले प्रश्नको घेरामा परेको छ। कार्यालय परिसरमा कोष तथा लेखा नियन्त्रणक कार्यालयसँग पार्किङका लागि लिइएको जग्गामा दुईवटा पसल सञ्चालन भएको थियो। तीमध्ये एउटा खाजा-नास्ता पसल र अर्को फोटोकापी पसल रहेको अवस्थामा एउटालाई मात्र बन्द गराइएको तर अर्कोलाई निरन्तर सञ्चालन गर्न दिइएको हो भने त्यसको आधार र मापदण्ड स्पष्ट हुनुपर्छ। कुनै पनि पसल कार्यालय परिसरमा सञ्चालन गर्न मिल्ने वा नमिल्ने भन्ने विषय सम्बन्धित कानुन, सम्झौता, प्रशासनिक निर्णय र कार्यालयको नीतिका आधारमा टुंगो लाग्नुपर्छ। एउटालाई बन्द र अर्कोलाई सञ्चालनको अनुमति दिने हो भने त्यसका लागि समान र स्पष्ट मापदण्ड हुनुपर्छ। अन्यथा निर्णयमाथि स्वाभाविक रूपमा प्रश्न उठ्छ। एउटै प्रकृतिका गतिविधिमा फरक व्यवहार देखिएमा त्यसले प्रशासनिक निष्पक्षतामाथि नागरिकको विश्वास कमजोर बनाउन सक्छ।

यसै घटनासँग जोडेर सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले आर्थिक लाभ लिएको भन्ने गुनासोसमेत बाहिर आएको उल्लेख छ। तर यस्तो आरोप आफैंमा प्रमाणित तथ्य होइन्। त्यसैले कसैलाई दोषी ठहर गर्नेभन्दा पनि आरोपको निष्पक्ष र तथ्यमा आधारित छानबिन गर्नु नै उचित बाटो हो। यदि आर्थिक लेनदेन भएको हो भने त्यसको प्रमाण सार्वजनिक छानबिनबाट बाहिर आउनुपर्छ। आरोप निराधार हो भने सम्बन्धित अधिकारीले पनि आफ्नो निर्णय र भूमिकाबारे स्पष्ट पार्ने अवसर पाउनुपर्छ। सुशासन भनेको अरूलाई नियम पालना गराउनु मात्र होइन, आफूले गर्ने हरेक निर्णयमा पनि नियम, पारदर्शिता र समानताको अभ्यास गर्नु हो। प्रशासनिक कार्यालयभित्रै निर्णयमा दोहोरो मापदण्ड देखिने अवस्था सिर्जना भयो भने त्यसले कार्यालयको समग्र विश्वसनीयतामाथि असर पार्छ। अझ नागरिकले प्रत्यक्ष देख्ने कार्यालय परिसरमा यस्तो विवाद उत्पन्न हुनु गम्भीर विषय हो। यस घटनामा केही आधारभूत प्रश्नको जवाफ खोजिनुपर्छ। पार्किङका लागि लिइएको जग्गामा पसल सञ्चालन गर्न दिने व्यवस्था के थियो ? दुईवटा पसल सञ्चालनमा आउनुको कानुनी तथा प्रशासनिक आधार के हो ? एउटा पसल बन्द गर्ने र अर्को सञ्चालनमा राख्ने निर्णय कुन मापदण्डका आधारमा गरियो ? सम्बन्धित पक्षलाई समान अवसर र जानकारी दिइयो कि दिइएन् ? र आर्थिक लाभ लिएको भन्ने आरोपका सम्बन्धमा कुनै प्रमाण वा उजुरी प्राप्त भएको छ कि छैन् ? यी प्रश्नको जवाफ तथ्यसहित सार्वजनिक हुनु आवश्यक छ।

छानबिन गर्ने निकायले निर्णय प्रक्रिया, सम्बन्धित कागजात, सम्झौता र जिम्मेवार पदाधिकारीको भूमिकासमेत हेर्नुपर्छ। आवश्यक परे सम्बन्धित कार्यालयभन्दा माथिल्लो तह वा स्वतन्त्र निकायबाट छानबिन गरिनु अझ विश्वसनीय हुन सक्छ। जिल्ला प्रशासन कार्यालय सिरहाले यस घटनालाई आफ्नो प्रतिष्ठामाथिको चुनौतीका रूपमा होइन, सुशासन सुधार्ने अवसरका रूपमा लिनुपर्छ। कार्यालयमा अनियमितता, ढिलासुस्ती, पक्षपात वा व्यक्तिगत लाभको गुनासो उठ्ने अवस्था नआओस् भन्नका लागि स्पष्ट मापदण्ड, पारदर्शी निर्णय प्रक्रिया र प्रभावकारी गुनासो सुनुवाइ प्रणाली आवश्यक छ। सार्वजनिक पद व्यक्तिगत सुविधा वा लाभका लागि होइन, नागरिकको सेवा र राज्यप्रतिको विश्वास कायम गर्नका लागि हो। त्यसैले प्रशासनिक निर्णयमा कसैलाई विशेष सुविधा र कसैलाई असमान व्यवहार भएको अनुभूति हुने अवस्था अन्त्य गर्नुपर्छ। अब आवश्यक कुरा आरोप-प्रत्यारोप होइन, निष्पक्ष छानबिन र तथ्यको सार्वजनिकता हो। छानबिनले दोष देखाए कारबाही हुनुपर्छ, निर्णय नियमसम्मत देखिए त्यसको आधार सार्वजनिक गरिनुपर्छ। यही प्रक्रियाबाट मात्र जिल्ला प्रशासन कार्यालय सिरहाले नागरिकमा विश्वास कायम गर्न सक्छ। सुशासनको वास्तविक अर्थ कार्यालयको भित्तामा लेखिएका नारामा होइन, नागरिकले पाउने व्यवहारमा देखिन्छ। त्यसैले जिल्ला प्रशासन कार्यालय सिरहाले आफूभित्रै सुशासनको मापदण्ड कडाइका साथ लागू गर्दै निष्पक्ष, पारदर्शी, जवाफदेही र नागरिकमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिनुपर्छ। कानुन सबैका लागि समान हुनुपर्छ र प्रशासनिक निर्णय पनि सबैका लागि एउटै मापदण्डमा आधारित हुनुपर्छ।

# सामाजिक सञ्जालबाट पत्रकारिता आत्तिनुपर्ने अवस्था छैन: सभामुख यादव




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज २२ गते**

नेपाल पत्रकार महासंघ धनुषाको १४औं वार्षिक साधारण सभा बिहीबार जनकपुरधाममा सम्पन्न भएको छ।

साधारण सभाको उद्घाटन गर्दै मधेश प्रदेशका सभामुख रामशषि यादवले सामाजिक सञ्जालको प्रभावबाट पत्रकारहरू भयभीत हुनुपर्ने अवस्था नरहेको बताएका छन्। विश्वसनीय सूचनाका लागि आमनागरिकले अझै पनि पत्रकारितालाई नै खोज्ने गरेको उल्लेख गर्दै उनले पत्रकारिताको विश्वसनीयता र गुणस्तर कायम राख्नुपर्नेमा जोड दिए।

सभामुख यादवले सामाजिक सञ्जालले सूचना तथा अभिव्यक्तिका लागि प्लेटफर्म उपलब्ध गराए पनि समाचार लेखन, तथ्यको परीक्षण र पत्रकारिताको व्यावसायिक गुणमा पत्रकारलाई त्यसले प्रतिस्थापन गर्न नसक्ने बताए।

कार्यक्रममा नेपाल पत्रकार महासंघकी केन्द्रीय अध्यक्ष निर्मला शर्माले संविधानले सुनिश्चित गरेको अभिव्यक्ति स्वतन्त्रताको अधिकारमाथि चुनौती बढेको बताइन्। बहुदलीय व्यवस्था पुनःस्थापनापछिको अवधिमा पत्रकारिताका लागि अहिलेको समय चुनौतीपूर्ण रहेको उल्लेख गर्दै उनले पत्रकार महासंघ सरकारको दबाबमा नझुक्ने बताइन्।

उनले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणका लागि आवश्यक परे नागरिक समाजसहित आन्दोलनमा जाने चेतावनीसमेत दिइन्।

नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन गुप्ताको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महासंघका पूर्वकेन्द्रीय अध्यक्ष धर्मेन्द्र झा, महासचिव रामप्रसाद दाहालगायतले पत्रकारिता क्षेत्रका समसामयिक विषयमा धारणा राखेका थिए।

# सिँचाइ कार्यालय थप सेवासहित मर्ज, दुई ठाउँबाट थप सेवा प्रवाह



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २२ गते**

लहान नगरपालिका- १० स्थित भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय स्थनान्तरण नभई ऊर्जा र खानेपानी कार्यालयसहित मर्जपछि परिवर्तित नाममा थप सेवा प्रवाह गरिने भएको छ।

डिभिजन प्रमुख विश्वनाथ यादवका अनुसार प्रदेश सरकार मन्त्रिपरिषद्को गत १० भदौमा स्वीकृत नयाँ संगठन तथा व्यवस्थापन तथा मन्त्रालयको ८ असोजको निर्णयअनुसार सम्बन्धित विषयगत कार्यालयहरू मर्ज भई ऊर्जा, सिँचाइ खानेपानी डिभिजनको रूपमा रूपान्तरण भएको हो।

'मर्जपछि रूपान्तरित कार्यालयले साबिकको कार्यालयमार्फत सेवा प्रवाह गरिएको ठाउँबाट नै थप सेवा प्रवाह गरिनेछ,' उनले भने, 'कार्यालय स्थानान्तरण होइन।'

उनका अनुसार जिल्ला सदरमुकाममा रहेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन र लहानमा रहेको भूमिगत जलस्रोत सिँचाइ विकास डिभिजनको सेवा दुवै ठाउँबाट प्रवाह गरिनेछ। 'दुवै ठाउँमा ऊर्जा र खानेपानीसम्बन्धी थप सेवा प्रवाह गरिनेछ,' उनले भने।

जनमानसमा कार्यालय नै स्थानान्तरण गर्न खोजिएको भन्ने भ्रम सिर्जना भएको उल्लेख गर्दै उनले कार्यालय मर्ज भएपछि थप सेवासहित दुवै ठाउँमा कार्यालय सञ्चालन गरिने बताए।

ग्रामीणमा आफ्नै सुविधासम्पन्न भवन र आवश्यक पूर्वाधारसहित भूमिगत जलस्रोत सिँचाइसम्बन्धी सेवा प्रवाह गरिरहेको कार्यालयबाट ऊर्जा र खानेपानीसहितको सेवा प्रवाह हुँदा सेवाग्राहीलाई खानेपानी र ऊर्जासम्बन्धी कामका लागि अन्यत्र जानु नपर्ने उनले बताए।

पछिल्लो केही दिनयता अगुवा किसानसहित विभिन्न राजनीतिक दलहरूले कार्यालयपरिसरमै पुगेर कार्यालय सार्ने निर्णय तत्काल फिर्ताको माग गर्दै आएका छन्। 'मर्जपछि कार्यालयको स्वरूप, प्रवाह हुने सेवा, डिभिजनको शाखा सञ्चालनलगायतको विषयमा यथार्थ कुरा सर्वसाधारणलाई बुझाउन नसकिँदा यस्तो अवस्था आएको हो,' उनले भने, 'मर्ज भएपछि दुवै ठाउँबाट सेवा प्रवाह हुँदा त झन् जनतालाई फाइदा पो हुन्छ त।'

# जनकपुरधाममा चक्कु प्रहारबाट एक युवकको मृत्यु, एक गम्भीर घाइते



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज २२ गते**

जनकपुरधाम उपमहानगरपालिका-५ रहिमपथ नजिकै चक्कु प्रहारबाट एक युवकको मृत्यु भएको छ भने अर्का एक जना गम्भीर घाइते भएका छन्।

बिहीबार साँझ करिब ७ बजेर १० मिनेटमा जनकपुरधाम-५ सोनारपट्टी दाहा चोकका २४ वर्षीय आमिन साफी र २५ वर्षीय ईम्तियाज राइनमाथि धारिलो हतियार प्रहार भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। प्रहरीका अनुसार दुवै जनाको छाती तथा पेटमा चक्कु प्रहार गरिएको थियो।

घटनाको सूचना पाएलगत्तै प्रहरी टोली घटनास्थलमा पुगेको थियो। प्रहरीले घाइते दुवै जनालाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पुऱ्याएको थियो।

अस्पतालमा चिकित्सकले साँझ ७ बजेर १५ मिनेटमा जाँच गर्दा आमिन साफीलाई मृत घोषणा गरेका थिए। उनको शव अस्पतालको शवगृहमा राखिएको प्रहरीले जनाएको छ। गम्भीर घाइते ईम्तियाज राइनको उपचार भइरहेको छ।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले जनकपुरधाम-५ का करिब २२ वर्षीय 'गुण्डा' भनिने मोहम्मद ईर्साद खानलाई नियन्त्रणमा लिएको छ।

प्रहरीको प्रारम्भिक अनुसन्धानमा पुरानो रिसइवीका कारण घटना भएको देखिए पनि घटनाको वास्तविक कारण तथा सम्पूर्ण पृष्ठभूमिबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले बताए।

उनका अनुसार घटनामा संलग्न आरोपितलाई नियन्त्रणमा लिएर आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ।

## राजस्थानबाट झलुवाही आइपुग्यो ...........

गाउँ परिक्रमा सम्पन्न भएपछि आवश्यक पूजाआजा तथा धार्मिक विधि पूरा गरी मूर्ति दुर्गा मन्दिरमा स्थापना गर्ने तयारी गरिएको छ। मूर्ति स्थापनाका लागि आवश्यक तयारी स्थानीयवासीको सहभागितामा भइरहेको जनाइएको छ।

दुर्गा माताको मूर्ति झलुवाही आइपुगेसँगै यस वर्षको दुर्गापूजाको तयारीसमेत तीव्र पारिएको छ। पूजाका अवसरमा मन्दिर परिसरमा विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने तयारी गरिएको स्थानीयवासीले बताएका छन्।

दुर्गापूजालाई व्यवस्थित बनाउन मन्दिर परिसरको व्यवस्थापन, पूजा तथा कार्यक्रम सञ्चालनलगायतका आवश्यक तयारीसमेत अघि बढाइएको जनाइएको छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# आजको राशिफल

**मेष** : नयाँ कार्ययोजना बन्ने र पारिवारिक वातावरण रमाइलो रहनेछ। स्वास्थ्य पक्ष सामान्य रहनेछ।

**बृष** : घरपरिवारमा सुखशान्ति कायम रहनुका साथै भौतिक साधन जुटाउने अवसर मिल्नेछ।

**मिथुन** : आफन्तजनको सहयोगले रोकिएका कामहरूले पूर्णता पाउनेछन्।

**कर्कट** : आर्थिक मामिलामा सुधार आउने र सोचेभन्दा बढी लाभ मिल्ने योग छ।

**सिंह** : आत्मविश्वास बलियो हुनाले आँटेका सबै काम सफलतापूर्वक सम्पन्न हुनेछन्।

**कन्या** : विदेश यात्रा वा वैदेशिक क्षेत्रसँग सम्बन्धित कामहरूमा प्रगति हुनेछ।

**तुला** : लामो समयदेखि रोकिएका व्यापारिक तथा व्यावसायिक कार्यहरू सुचारू हुनेछन्।

**वृश्चिक** : व्यापार व्यवसायमा सोचेभन्दा राम्रो लाभ मिल्नुका साथै नयाँ जिम्मेवारी थपिनेछ।

**धनु** : भाग्यले साथ दिने हुनाले धार्मिक तथा आध्यात्मिक कार्यतर्फ रुचि बढ्नेछ।

**मकर** : स्वास्थ्यमा केही उतारचढाव आउन सक्ने भएकाले खानपानमा विशेष ध्यान दिनुहोला।

**कुम्भ** : दापत्य जीवनमा मिठास छाउनुका साथै साझेदारीका कामहरूबाट फाइदा हुनेछ।

**मीन** : कानूनी वा अदालती मामिलामा विजय प्राप्त हुने र पुराना विवादहरू किनारा लाग्नेछन्।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# उपेन्द्र यादवको पश्चात्ताप- सत्तास्वार्थका लागि कांग्रेस-एमालेसँग मिल्नु ठूलो गल्ती भयो



**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज २२ गते**

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले पार्टीलाई मधेश केन्द्रित राजनीतिक शक्तिको सीमाबाट बाहिर निकालेर राष्ट्रिय वैकल्पिक शक्तिका रूपमा स्थापित गर्ने राजनीतिक प्रस्ताव अघि सारेका छन्।

पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठकमा प्रस्तुत प्रतिवेदनमा मधेशका सवाललाई राष्ट्रिय मुद्दासँग जोड्दै समानता, सामाजिक न्याय, संघीयता र समावेशितालाई पार्टीको मुख्य राजनीतिक आधार बनाउने प्रस्ताव गरिएको छ।

यादवको प्रतिवेदनले अहिलेको राजनीतिक परिस्थितिको समीक्षा गर्दै पार्टीले विगतमा सत्ता प्राप्तिलाई प्राथमिकता दिएर गरेका सहकार्यबाट पाठ सिक्नुपर्ने संकेत गरेको छ। पछिल्लो समय यादवले पनि नेपाली कांग्रेस र नेकपा एमालेसँग सत्ता स्वार्थका लागि गरिएको सहकार्यलाई 'ठुलो गल्ती' भएको बताएका थिए।

प्रतिवेदनको प्रमुख राजनीतिक प्रस्ताव भने मधेशको मुद्दालाई केवल क्षेत्रीय सवालका रूपमा नभई राष्ट्रिय प्रश्नका रूपमा स्थापित गर्नु हो। यादवले मधेशको प्रश्नलाई समान नागरिकता, समान अवसर, समान प्रतिनिधित्व र सामाजिक न्यायसँग जोडेर हेर्नुपर्ने धारणा अघि सारेका छन्। साथै कर्णाली, सुदूरपश्चिम, पहाड तथा हिमाली क्षेत्रका पछाडि पारिएका र उत्पीडित समुदायका मुद्दालाई पनि समान प्राथमिकताका साथ उठाउनुपर्ने उल्लेख छ। यसबाट पार्टीको राजनीतिक आधारलाई एउटा भूगोलबाट देशव्यापी सामाजिक न्यायको मुद्दातर्फ विस्तार गर्ने रणनीति देखिन्छ।

प्रतिवेदनमा संघीय लोकतान्त्रिक गणतन्त्र, संघीयता, समानुपातिक समावेशिता र सामाजिक न्यायलाई पार्टीको वैचारिक आधारका रूपमा अघि बढाउने प्रस्ताव गरिएको छ। संविधान कार्यान्वयनमा देखिएका कमजोरी सच्याउन संविधान संशोधन आवश्यक रहेको यादवको धारणा यसअघि पनि सार्वजनिक हुँदै आएको छ। उनले संघीयता, गणतन्त्र, लोकतन्त्र, धर्मनिरपेक्षता र समानुपातिक समावेशिताजस्ता संविधानका मूल चरित्र कमजोर पार्ने प्रयासले देशलाई जातीय तथा क्षेत्रीय द्वन्द्वतर्फ धकेल्न सक्ने चेतावनी दिएका थिए।

राज्य पुनर्संरचनासँग सम्बन्धित विषयलाई पनि प्रतिवेदनले प्राथमिकतामा राखेको छ। प्रदेशको सीमांकन तथा नामकरण, जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण, पूर्ण समानुपातिक प्रतिनिधित्व तथा विगतमा भएका राजनीतिक सम्झौताको कार्यान्वयनका लागि लोकतान्त्रिक र संवैधानिक संघर्ष जारी राख्नुपर्ने यादवको प्रस्ताव छ।

यादवले पार्टी संगठनको चरित्रमा समेत परिवर्तन आवश्यक रहेको बताएका छन्। प्रतिवेदनमा जसपालाई केवल निर्वाचनका बेला सक्रिय हुने संगठनका रूपमा नभई स्पष्ट विचार, सिद्धान्त र प्रशिक्षित कार्यकर्ता भएको समाजवादी राजनीतिक शक्तिका रूपमा पुनर्गठन गर्ने प्रस्ताव छ। पार्टीको संगठनात्मक संरचनालाई चुस्त बनाउँदै जनतासँग प्रत्यक्ष सम्बन्ध विस्तार गर्ने र आफ्नै राजनीतिक विचार तथा सिद्धान्तका आधारमा चुनावी तथा राजनीतिक गतिविधि सञ्चालन गर्नुपर्नेमा जोड दिइएको छ।

सत्तासँगको सम्बन्धबारे पनि प्रतिवेदनले फरक दृष्टिकोण अघि सारेको छ। समान राजनीतिक दृष्टिकोण नभएका दलसँग केवल सत्ता प्राप्तिका लागि गठबन्धन गर्ने प्रवृत्तिबाट टाढा रहनुपर्ने र सत्तालाई लक्ष्य नभई परिवर्तनको साधनका रूपमा प्रयोग गर्नुपर्ने यादवको प्रस्ताव छ। यसले विगतमा विभिन्न राजनीतिक दलसँग गरिएको सहकार्यको अनुभवबाट जसपाले आफ्नो आगामी राजनीतिक दिशा पुनः निर्धारण गर्न खोजेको देखाउँछ।

आर्थिक नीतिमा प्रतिवेदनले उत्पादनमुखी र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा जोड दिएको छ। कृषि, उद्योग, जलविद्युत्, पर्यटनलगायत उत्पादनका क्षेत्रलाई बलियो बनाउँदै रोजगारी सिर्जना र आर्थिक रूपान्तरणलाई राजनीतिक कार्यक्रमसँग जोड्ने प्रस्ताव गरिएको छ। यादवले यसअघि पनि जल सम्पदालाई राष्ट्रिय समृद्धिको आधार बनाउनुपर्ने धारणा सार्वजनिक गरेका थिए।

सुशासन र भ्रष्टाचार नियन्त्रणलाई पनि राजनीतिक रूपान्तरणसँग जोडिएको छ। राज्य सञ्चालनमा पारदर्शिता, जबाफदेहिता र भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता दिने तथा राजनीतिक शक्तिले जनतासामु उत्तरदायी भएर काम गर्नुपर्ने प्रतिवेदनको मूल आशय छ।

जलवायु परिवर्तन र वातावरणीय सङ्कटलाई समेत यादवले राजनीतिक एजेन्डाका रूपमा अघि सारेका छन्। विशेष गरी चुरे संरक्षण तथा वातावरणीय न्यायलाई विकास र सामाजिक न्यायसँग जोडेर हेर्नुपर्ने प्रस्ताव गरिएको छ।

विदेश नीतिमा भने नेपालले असंलग्नता कायम राख्दै भारत, चीनलगायत सबै छिमेकी तथा अन्तर्राष्ट्रिय शक्तिसँग सन्तुलित

बाँकी पृष्ठ ४

# दसैं नजिकिएसँगै नयाँबसपार्कमा बढ्यो घर फर्किने यात्रुको चहलपहल



**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज २२ गते**

बडादसैं नजिकिएसँगै काठमाडौंको गोंगबुस्थित नयाँबसपार्कमा घर फर्किने यात्रुको चहलपहल बढ्न थालेको छ।

दसैं मनाउन काठमाडौं उपत्यकाबाट बाहिरिने यात्रुको संख्या बढेसँगै नयाँबसपार्कमा सार्वजनिक सवारीसाधन चढ्ने यात्रुको भीड देखिन थालेको हो।

दसैंका लागि काठमाडौंमा रहेका नागरिकहरू धमाधम गाउँघर फर्किन थालेका छन्। विशेषगरी लामो दूरीका सार्वजनिक सवारीसाधनमा यात्रुको चाप बढेको व्यवसायीहरूले बताएका छन्।

बाँकी पृष्ठ ४

## मधेशमा विद्युत् चुहावट घट्दै, दुई महिनामा २० करोडभन्दा ..........

प्रदेश प्रादेशिक कार्यालयले जनाएको छ।

सो कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो दुई महिनामा गत आव २०८२/८३ को सोही अवधिको तुलनामा विद्युत् चुहावट १ दशमलव ६१ प्रतिशतले घटेको छ।

गत आवको साउन र भदौमा २२ दशमलव ५६ प्रतिशत विद्युत् चुहावट भएकामा चालु आवको सोही अवधिमा २० दशमलव ९५ प्रतिशतमा झरेको हो। चालु आवको साउनमा २० दशमलव ०९ प्रतिशत र भदौमा २१ दशमलव ७६ प्रतिशत विद्युत् चुहावट भएको कार्यालयले जनाएको छ।

गत आवको साउनमा २५ दशमलव ६७ प्रतिशत र भदौमा २३ दशमलव ५२ प्रतिशत चुहावट भएको थियो। सबैभन्दा कम बाराको सिमरा वितरण केन्द्रमा २ दशमलव ९४ प्रतिशत चुहावट भएको छ भने सबैभन्दा बढी रौतहटको मौलापुर वितरण केन्द्रमा ४७ दशमलव ७७ प्रतिशत विद्युत् चुहावट भएको प्राधिकरण मधेश प्रदेश प्रादेशिक कार्यालय जनकपुरधामका प्रमुख इञ्जिनियर शम्भु कुसियैतले जानकारी दिए।

प्रमुख कुसियैतका अनुसार विद्युत् चुहावटका दृष्टिले रौतहटको मौलापुर र गौर क्षेत्र तथा सर्लाहीको मलङ्गवालगायत क्षेत्रमा समस्या बढी देखिएको छ। औद्योगिक ग्राहकको सङ्ख्या धेरै रहेकाले बाराको सिमरा वितरण केन्द्रमा भने विद्युत् चुहावट तुलनात्मक रूपमा कम रहेको उनले बताए।

चालु आवको पहिलो दुई महिनामा विद्युत् महसुल नतिर्ने आठ हजार ७८२ ग्राहकको लाइन काटिएको छ। लाइन काटिएकामध्ये आठ हजार २३४ ग्राहकले पुनःविद्युत् जडान गराएका छन्। उनीहरूबाट रु २० करोड नौ लाख ७७ हजार बक्यौता असुल भएको प्राधिकरणले जनाएको छ।

मिटर लिएर विद्युत् उपभोग गर्ने तर लामो समयसम्म महसुल नतिर्ने प्रवृत्ति बढेकाले लाइन काट्ने अभियान सञ्चालन गरिएको प्रमुख कुसियैतले बताए। गत आवमा ४२ हजार ६६४ ग्राहकको लाइन काट्दा रु एक अर्ब ४७ लाख बक्यौता असुल भएको थियो।

मधेश प्रदेशमा ५९ प्रतिशत औद्योगिक र ३१ प्रतिशत घरेलु ग्राहक रहेको प्राधिकरणले जनाएको छ। मधेश प्रदेशका ९९ दशमलव ९९ प्रतिशत घरधुरीमा विद्युत् सेवा पुगेको र बाँकी क्षेत्रमासमेत निरन्तर विद्युत् जडानको काम भइरहेको प्रमुख कुसियैतले बताए। मधेश प्रदेशका जिल्लामा करिब १० प्रतिशत सिँचाइको विद्युतीकरण भएको जनाएको छ।

## भूमिप्रशासनको कम्पाउण्डमै निजी पसल ..............

गृह मन्त्रालयले २०८३ वैशाख १६ गते ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गर्दै सम्बन्धित निकायको सहयोग र समन्वयमा जिल्लामा रहेका अतिक्रमित सरकारी तथा सार्वजनिक जगाको पहिचान गर्न तथा अतिक्रमण हटाउने योजना तयार गरी पठाउन निर्देशन दिएको थियो।

मन्त्रालयको निर्देशनअनुसार अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा खाली गराउने योजना तयार गरी मन्त्रालयमा पठाउने र स्वीकृतिपछि आवश्यक सुरक्षा प्रबन्ध तथा अन्य सहजीकरणसहित अतिक्रमण हटाउने प्रक्रिया अघि बढाउनुपर्ने व्यवस्था छ।

यसैबीच, नाम उल्लेख नगर्ने शर्तमा एक लेखापढी व्यवसायीले भूमिप्रशासन कार्यालय परिसरमा निजी व्यवसाय सञ्चालन गर्न दिइएको प्रक्रियामाथि प्रश्न उठाएका छन्। उनका अनुसार सीमित व्यक्तिलाई मात्र कार्यालय परिसरमा व्यवसाय सञ्चालन गर्न दिइएको भए त्यसको आधार र प्रक्रिया पारदर्शी हुनुपर्ने देखिन्छ।

उनले कार्यालयका कर्मचारी र केही व्यवसायीबीच मिलेमतो हुनसक्ने आरोपसमेत लगाए। कार्यालय परिसरमा रहेका केही पसल तथा व्यवसायले सेवाग्राहीको काममा बिचौलियाको भूमिका सहज बनाएको आरोप पनि उनले लगाए।

तर, कार्यालय प्रमुख ठाकुरले कर्मचारी र व्यवसायीबीच मिलेमतो रहेको आरोप अस्वीकार गरेका छन्। उनले कार्यालय परिसरमा रहेका पसल तथा संरचना हटाउने प्रक्रिया अघि बढाइने दोहोऱ्याए।

वर्षौंदेखि सरकारी कार्यालयको कम्पाउण्डभित्र निजी व्यवसाय सञ्चालन भइरहे पनि ती संरचना कसको निर्णयबाट बने, व्यवसाय सञ्चालनका लागि अनुमति दिइएको थियो कि थिएन र सरकारी सम्पत्ति प्रयोगबापत कुनै शुल्क वा राजस्व उठाइएको छ कि छैन भन्ने विषय सार्वजनिक हुन सकेको छैन।

कार्यालय प्रमुखले समेत संरचना हटाउने प्रतिबद्धता जनाइसकेका छन्। अब उक्त प्रतिबद्धता कहिले कार्यान्वयन हुन्छ भन्ने विषय चासोको बनेको छ।

सरकारी कार्यालयको परिसरमा रहेका निजी संरचनाको कानुनी हैसियत स्पष्ट गरी आवश्यक प्रक्रिया अघि बढाउनुका साथै सरकारी सम्पत्तिको संरक्षण र सेवाग्राहीमैत्री वातावरण सुनिश्चित गर्नुपर्ने देखिन्छ।






**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# मधेशमा नयाँ प्रजातिको चरा फेला

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज २२ गते**

मधेश प्रदेशको राजधानी जनकपुरधाममा नयाँ प्रजातिको चरा फेला परेको छ। जनकपुरधाम उप-महानगरपालिका-१२ बाट नेपालको लागि एउटा नयाँ प्रजाति स्वेतहार माटीकोरे नामक चराको अभिलेख भएसँगै नेपालमा अब ९०४ जातिको चरा पाउने भएको छ।

नेपाल पंक्षीविद संघले जारी गरेको विज्ञप्तमा जनकपुरधाम उपमहानगरपालिका-१२ स्थित समुद्र सतहबाट ६७ मिटर उचाइमा अवस्थित खेतबारी आसपासको बिजुलीको तार र रूखमा बसेको अवस्थामा नेपालको लागि नयाँ प्रजातिको चरा अभिलेख गरिएको छ।

चरा अवलोकनको क्रममा धनुषा जिल्ला कुवा मंग्लैया फाटकमा १३ गते करिब ५:३० बजे नेपालमा पहिलो पटक अनिल मण्डलले उक्त चराको अवलोकन गरी फोटो खिचेको जनाइएको छ। यसको नेपाली नाम श्वेतहार माटीकोरे राखिएको छ।



कोरासियिफर्मिस वर्गको अल्सेडिनिडे परिवारमा पर्ने यो चरा मुख्यतया दक्षिण एसिया, दक्षिणपूर्वी एसिया, अस्ट्रेलिया र प्रशान्त महासागरीय टापु क्षेत्रमा व्यापक रूपमा पाइन्छ भने मध्यपूर्व ओमान, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स र पूर्वी अफ्रिकाका तटीय इलाकामा पनि यसको उपस्थिति रहेको छ। बांगलादेशमा यो चरा आवासीय रूपमा मुख्यतया सुन्दरवन लगायत तटीय तथा दलदल क्षेत्रमा पाइन्छ।

भारतमा यसको वासस्थान पश्चिम बङ्गालको सुन्दरवन, ओडिशा, अन्डामान र निकोबार टापुहरू, गुजरात, महाराष्ट्र, गोवा, तमिलनाडु तथा आन्ध्र प्रदेश जस्ता तटीय क्षेत्रहरू पर्दछन्। नेपाल भू-परिवेष्ठित देश भएकाले मुख्यतया तटीय क्षेत्र र समुद्री मुहानमा पाइने श्वेतहार माटीकोरे यहाँका लागि अत्यन्तै दुर्लभ अभिलेख हो।

नेपालको धनुषाबाट सबैभन्दा नजिक पर्ने यसको स्थायी वासस्थान भारतको पश्चिम बङ्गाल र बांगलादेशको सुन्दर वन क्षेत्र हो। त्यसैले बांगलादेश वा भारतको पश्चिम बङ्गालका तटीय क्षेत्र तथा गङ्गा-ब्रह्मपुत्र नदी प्रणाली पछ्याउँदै भौँतारिने क्रममा वा मौसम तथा हावाहुरीका कारण बाटो बिराएर यो चरा धनुषासम्म आइपुगेको अनुमान गर्न सकिने संघले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

नेपाल पंक्षीविद मधेश प्रदेशका संयोजक देवनारायण मण्डलले चरा बाटो बिराएर यहाँ आएको हुन सक्ने बताए। उनले तर पहिलो पटक मधेशमा देखिएको चरा निकै महत्वपूर्ण रहेको बताए। विश्वमा यस चराको १४ उपप्रजाति अभिलेख भएका छन्। नेपालमा अभिलेख भएको चरा तोडिरम्फस क्लोरिस हुमी हो। नेपालको अभिलेखमा चरा प्रजातिको संख्यामा एउटा प्रजाति थप भएको छ र अब नेपालमा जम्मा चरा प्रजातिको संख्या ९०४ पुगेको मण्डलले जानकारी दिए।




## दसैं नजिकिएसँगै नयाँबसपार्कमा ...............



पछिल्ला दिनमा बसपार्कमा यात्रुको आवागमन बढ्दै गएको छ। यात्रुको सहजताका लागि भोलिदेखि अग्रिम टिकट बुकिङ खुला हुने जनाइएको छ।

अग्रिम टिकट बुकिङ खुलेसँगै दसैंको मुख्य समयमा घर फर्किने यात्रुको चाप अझ बढ्ने अनुमान गरिएको छ। नयाँबसपार्कबाट देशका विभिन्न जिल्लामा लामो तथा छोटो दूरीका सार्वजनिक सवारीसाधन सञ्चालन हुँदै आएका छन्।

## उपेन्द्र यादवको .........

सम्बन्ध कायम गर्नुपर्ने दृष्टिकोण अघि सारिएको छ।

यादवको प्रतिवेदनमा मधेश आन्दोलनबाट स्थापित मुद्दालाई जस्ताको तस्तै दोहोऱ्याउनेभन्दा त्यसलाई संघीयता, समावेशिता, सामाजिक न्याय, आर्थिक रूपान्तरण र राष्ट्रिय राजनीतिसँग जोडेर जसपाको नयाँ राजनीतिक आधार निर्माण गर्ने प्रयास देखिन्छ। पछिल्ला अभिव्यक्तिमा यादवले मधेशका अधिकार र पहिचानका लागि पुनः संघर्ष आवश्यक रहेको बताउँदै मधेश केन्द्रित शक्तिबीच सहकार्यको आवश्यकता पनि औँल्याउँदै आएका छन्।

## गोलबजारमा अवैध ग्राभेल उत्खनन्, ६ टिपर र जेसिबी ............

तथा ओसारपसार हुने गरेको छ। उनीहरूले प्राकृतिक स्रोतको दोहन रोक्न सम्बन्धित निकायले नियमित अनुगमन तथा कडाइ गर्नुपर्ने माग गरेका छन्।

गोलबजार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रुनारायण खतिवडाले अवैध उत्खनन्को विषयमा नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको बताए। उनका अनुसार नगर प्रहरी र सुरक्षा निकायको सहयोगमा अवैध उत्खनन्मा प्रयोग भएका सवारीसाधन नियन्त्रणमा लिइएको हो।

"अवैध उत्खनन् रोक्न सुरक्षा निकायसँग पनि छलफल गरिरहेका छौं। अवैध उत्खनन् रोकिन्छ," उनले भने।

जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी शान्तिराज प्रसाईंले अवैध उत्खनन्को सूचना प्राप्त हुनासाथ प्रहरी परिचालन गरी नियन्त्रणमा लिन लगाउने बताए।

नियन्त्रणमा लिइएका सवारीसाधन तथा जेसिबीमाथि आवश्यक अनुसन्धान र कानुनी प्रक्रिया अघि बढाउने तयारी गरिएको प्रहरीले जनाएको छ।

## सीमा क्षेत्रबाट १२ लाखभन्दा बढीको ............

अनुमानित मूल्य १२ लाख १५ हजार ४ सय ८० रुपैयाँ रहेको सशस्त्र प्रहरीले जनाएको छ।

बरामद सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी भन्सार कार्यालयमा बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाले जानकारी दिए।

# श्री चन्द्र माध्यमिक विद्यालय, सिरहा

**सिरहा नगरपालिका–१, सिरहा**
**मधेश प्रदेश–नेपाल**

## क्यान्टिन सञ्चालनको लागि सिलबन्दी दरभाउ पत्र पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२३ गते**

यस विद्यालयको परिसरमा रहेको क्यान्टिन सञ्चालन गर्नुपर्ने भएकाले क्यान्टिन सञ्चालन गर्न इच्छुक व्यक्ति, फर्म वा संस्थाले देहायका शर्तहरूको अधीनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

इच्छुक व्यवसायी, फर्म वा संस्थाहरूले सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र विद्यालयबाट उपलब्ध हुने फाराम प्राप्त गरी आवश्यक प्रमाणपत्र तथा कागजातहरू संलग्न गरेर विद्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ।

### तपसिल

**क्यान्टिन सञ्चालन स्थान** : विद्यालयको परिसर
**सञ्चालन अवधि** : ३ वर्ष
**दरभाउपत्र बुझाउने अन्तिम मिति** : २०८३/०७/१२ गते ११:०० देखि ५:०० बजेसम्म
**दरभाउपत्र खोल्ने मिति/समय** : २०८३/०७/१३ गते ११:०० देखि ५:०० बजेसम्म
**न्यूनतम धरौटी रकम** : रु. १,००,०००/- (अक्षरेपी एक लाख रुपैयाँ मात्र)
**न्यूनतम मासिक भाडा** : रु. ५,०००/- (अक्षरेपी पाँच हजार रुपैयाँ मात्र)
**दरभाउपत्र बुझाउने स्थान** : विद्यालयको प्रशासन शाखा

### पेश गर्नुपर्ने कागजात

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- फर्म/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- PAN/VAT प्रमाणपत्रको प्रतिलिपि।
- कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- धरौटी रकम दाखिला गरेको प्रमाण।
- विद्यालयले तोकेको ढाँचाको दरभाउपत्र।

### शर्तहरू

१. ताजा, गुणस्तरीय, स्वच्छ तथा विद्यार्थीको स्वास्थ्यलाई उपयुक्त खाद्य सामग्री मात्र बिक्री गर्नुपर्नेछ।
२. बासी, सडेगलेका, म्याद गुज्रिएका तथा विद्यालयले निषेध गरेका खाद्य/पेय पदार्थ बिक्री गर्न पाइने छैन।
३. विद्यालयले स्वीकृत गरेको मूल्यसूची क्यान्टिनमा स्पष्ट रूपमा राख्नुपर्नेछ।
४. क्यान्टिन तथा वरपरको क्षेत्र सफा राख्ने जिम्मेवारी सञ्चालकको हुनेछ।
५. विद्यालयले खाद्य सामग्री, सरसफाइ, मूल्य तथा सञ्चालनको निरीक्षण गर्न सक्नेछ।
६. छनोट भएको सञ्चालकले विद्यालयसँग लिखित सम्झौता गर्नुपर्नेछ।
७. शर्त उल्लङ्घन भएमा सम्झौताबमोजिम कारबाही/सम्झौता रद्द गर्न सकिनेछ।
८. विद्यालयले प्राप्त दरभाउपत्रमध्ये विद्यालयको हितमा उपयुक्त प्रस्ताव छनोट गर्नेछ र कुनै वा सबै प्रस्ताव अस्वीकृत गर्न सक्नेछ।

**थप जानकारीका लागि विद्यालय प्रशासन शाखा वा मो. नं. ९८५२८३४५७२ सम्पर्क गर्न सकिनेछ।**

**श्री चन्द्र माध्यमिक विद्यालय, सिरहा नगरपालिका–१**

# मधेशमा विश्वस्तरीय विद्यालय स्थापनाका लागि सांसद तपेश्वर यादवको पहल

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २२ गते**

सिरहा-४ का सांसद तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मधेश प्रदेश सभापति इन्जिनियर तपेश्वर यादवले मधेश प्रदेशमा विश्वस्तरीय विद्यालय स्थापना गर्नुपर्ने विषयलाई निर्वाचनअघि देखि नै निरन्तर उठाउँदै आएका छन्।

निर्वाचनअघि तथा निर्वाचन पछि पनि यादवले पटक-पटक प्रधानमन्त्रीको ध्यानाकर्षण गराउँदै मधेश प्रदेशका विद्यार्थीलाई गुणस्तरीय र आधुनिक शिक्षा प्रदान गर्न विश्वस्तरीय स्तरका विद्यालय स्थापना गर्नुपर्ने विषय उठाउँदै आएका थिए।

त्यसैको नतिजा स्वरुप बुधबार शिक्षा मन्त्रीले समेत मधेश प्रदेशमा



गुणस्तरीय तथा आधुनिक शिक्षाका लागि आवश्यक पहल गर्ने सार्वजनिक रूपमा बताएका छन्। यसलाई मधेशको शिक्षा क्षेत्रमा सकारात्मक सुरुवातका रूपमा लिइएको छ।

यादवले मधेश प्रदेशका सबै सांसदसँग समेत यस विषयमा निरन्तर समन्वय गर्दै आएको बताएका छन्। मधेश प्रदेशमा १०० वटा वा प्रत्येक क्षेत्रमा कम्तीमा दुईवटा अतिरिक्त विशिष्ट तथा विश्वस्तरीय विद्यालय स्थापना गर्ने सम्बन्धमा आवश्यक कागजात तथा प्रस्तावसमेत माग गरिएको र सम्बन्धित कागजात प्राप्त हुने प्रक्रिया अघि बढिरहेको उनले जानकारी दिएका छन्।

मधेशका विद्यार्थीलाई अध्ययनका लागि अन्य प्रदेश वा विदेश जानुपर्ने बाध्यता कम गर्दै आफ्नै प्रदेशमा अन्तर्राष्ट्रिय स्तरको शिक्षा उपलब्ध गराउने उद्देश्यले यस्तो पहल गरिएको यादवको भनाइ छ।

शिक्षा नै मधेशको दीर्घकालीन विकास र समृद्धिको आधार भएकाले आधुनिक पूर्वाधार, प्रविधि, दक्ष जनशक्ति र गुणस्तरीय शिक्षासहितका विद्यालय निर्माणमा राज्यले विशेष प्राथमिकता दिनुपर्ने यादवको धारणा छ।

